# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# पाखीवास नगरपालिका,धनकुटा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश नं.१ र प्रदेश नं. २

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं.: ३८६

मिति: २०७७/३/२०

श्री नगरप्रमुखज्यु,
पाखीवास नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
धनकुटा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

.............................
(बिन्दु बिष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश नं. १ र प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६।७७
च.नं ३९६

श्री नगरप्रमूखज्यू,
पाखिवास नगरपालिका,
धनकुटा ।

मिति: २०७७।३।२०

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले पाखिवास नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पाखिवास नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.६ करोड ९५ लाख ७८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ११ लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३ करोड १३ लाख ९१. हजार र पेश्की रु.६२ लाख १४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।८।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएका व्यहोराको अन्तीम प्रतिवेदन पाना २४ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु बिष्ट)
नायब महालेखापरीक्षक

## पाखीवास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनकुटा

### लेखापरीक्षण प्रतिवेदन, २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्ने तथा स्थानीय स्तरमा सेवा प्रदान गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने बिकास तथा सेवा सम्बन्धी कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्ने, ध्येयले स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको मुल लक्ष्य हो । कुल १४४.२९ व.की.मी. क्षेत्रफल र २२०७८ जनसंख्या रहेको यो नगरपालिकामा १० वडा र ५३ सभासदस्य रहेको छन ।

**स्थानीय सञ्चितकोष** : आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ : नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेन (**म.ल.प.फा.नं.२७२**) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त हुन सकेन । सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

### आ.ब. २०७५।७६ को एकिकृत आर्थिक विवरण

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **३८३९६४७३.३९** | १ | **चालु खर्च** | | **२३७८११२७०.२७** |
| | क) नगद | २१४२४९५२ | | | **संघीय बजेटबाट** | २२९५९९३८७.९० | |
| | ख) बैंक | १६९७१५२१.३३ | | | क) वित्तीय समानीकरण अनुदान | ५९१५९२३८.९२ | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **५६७३७९६०.६३** | | ख) सशर्त अनुदान | १३०७६१४०६.६३ | |
| | क) आन्तरिक राजस्व | ५५७०८७६.३३ | | | ग) सामाजिक सुरक्षा कार्यक्रम | ३५७७७६००.०० | |
| | ख) राजस्व बाँडफाँड | ५०५३२०१५.५० | | | घ) प्रधानमन्त्री रोजगार कार्यक्रम | २७५९९६७.३५ | |
| | ग) रजिष्ट्रेशन बाँडफाँड ( मालपोत) | ६३५०६८.८० | | | घ) राजश्व बाँडफाँड | ११४११७५.०० | |
| ३ | **संघीय वित्तीय हस्तान्तरण** | | **३०७०७२८१९.००** | | **प्रदेश बजेटबाट** | **४२३७८५६.३७** | |
| | क)वित्तीय समानीकरण अनुदान | ८०३००००० | | | क) वित्तीय समानीकरण अनुदान | २२१७६४५.०० | |
| | ख) सशर्त अनुदान | १४०५४६५०० | | | ख) राजश्व बाँडफाँड | १८२२४६१.३७ | |
| | ग) विशेष अनुदान | १८९२५००० | | | ख) अन्य अनुदान | १९७७५०.०० | |
| | घ) समपुरक अनुदान | १४९७८००० | | | **जिससबाट प्राप्त अनुदानबाट** | **४८६३९१.००** | |
| | ङ) सडक बोर्ड नेपाल | ९००००० | | | **आन्तरिक आयबाट** | **३४८७६३५.००** | |
| | च) प्रधानमन्त्री रोजगार कार्यक्रम | ३०१२००० | | २ | **पूँजीगत खर्च** | | **१३३५६६५०७.०४** |
| | छ) स्थानीय पुर्वाधार विकास कार्यक्रम | १०५००००० | | | **संघीय बजेटबाट** | **१०९,६६६,३१३.६८** | |
| | ज) सामाजिक सुरक्षा कार्यक्रम | ३६६७४८०० | | | क) वित्तीय समानीकरण अनुदान | ५६७५८०८५.४३ | |
| | झ) जि.स.स. अनुदान | १२३६५१९. | | | ख) सशर्त अनुदान | १६०४४३७.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२०३१३०००.००** | | ग) समपुरक अनुदान | ९५३४५५५.५८ | |
| | क)वित्तीय समानीकरण अनुदान | ३३१३००० | | | ग) स्थानीय पूर्वाधार विकास कार्यक्रम | १०२०२३५७.१० | |
| | ख) सशर्त अनुदान | १३५००००० | | | ग) सडक बोर्ड | ९०००००.०० | |
| | ग) स्थानीय पुर्वाधार विकास कार्यक्रम | ३५००००० | | | ग) सडक बोर्ड (अल्याबाट खर्च) | २१०००००.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०.०० | | राजश्व बाँडफाँड | २८५६६८७८.५७ | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ०.०० | | **प्रदेश बजेटबाट** | **१८,२१९,८२२.६९** | |
| | क) ऋण प्राप्ति | ० | | | क) वित्तीय समानीकरण अनुदान | १५९०९१.०० | |
| | ख) साँवा प्राप्ति | ० | | | ख) सशर्त अनुदान | १३२६०७३०.६५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) ब्याज प्राप्ति | ० | | | ग) स्थानीय पूर्वाधार विकास कार्यक्रम | ३५०००००.०० | |
| | घ) अन्य प्राप्ति | ० | | | घ) अन्य अनुदान | ५०००००.०० | |
| ७ | **विभिन्न कोषतर्फको आय** | ३०९३१४८.४३ | **३०९३१४८.४३** | | राजश्व बाँडफाँड | ८००००१.०४ | |
| ८ | **जनसहभागिता (नगद)** | ४९३४१६.७६ | **४९३४१६.७६** | | **जिससबाट प्राप्त अनुदानबाट** | **७४९६८५.००** | |
| ९ | **गत आ.व.को सामाजिक सुरक्षा भत्ता फिर्ता** | | **०.००** | | **आन्तरिक आयबाट** | **४४३७२६८.९१** | |
| १० | **धरौटी आय** | ३६२६८४१.८ | **३६२६८४१.७९** | | **जनसहभागिताबाट** | **४९३४१६.७६** | |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | **०.००** | ३ | **धरौटी फिर्ता** | १४३१७०.३.७६ | **१४३१७९३.७६** |
| १२ | **अन्य विविध आय** | ११७७१७२.०६ | **११७७१७२.०६** | ४ | **विभिन्न कोषको खर्च** | २०८२५०९..४३ | **२०८२५०९.४३** |
| १३ | **कर दाखिला बाँकी** | २७३६६.०८ | **२७३६६.०८** | ५ | **मौज्दात** | | **५६०४६११७.६४** |
| | | | | | **१. नगद मौज्दात** | ० | |
| | | | | | **२. बैंक मौज्दात** | **५६०४६११७.६४** | |
| | | | | | क) सञ्चित कोष | १०८०३६८४.२९ | |
| | | | | | ख) चालु खर्च खाता | १४६७६६६१.७१ | |
| | | | | | गं) पूँजीगत खर्च खाता | २६२४९०६४.५२ | |
| | | | | | घ) धरौटी खाता | २१९५०४८.०३ | |
| | | | | | ङ) कर्मचारी कल्याणकोष खाता | १२८७२०६.०० | |
| | | | | | च) मर्मत सम्भार कोष खाता | २५४४८३.३० | |
| | | | | | छ) प्रकोप व्यवस्थापन कोष खाता | ५५२६०३.७१ | |
| | | | | | ज) कर दाखिला (मर्मत सम्भार कोष) | २७३६६.०८ | |
| | **जम्मा** | | ४३०९३८१९८.१४ | | **जम्मा** | | ४३०९३८१९८.१४ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **लेखा ढाँचाको प्रयोग नभएको**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी बैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष नगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ | |
| २. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले नि:शुल्क रुपमा उपलब्ध गराई सवै नगरपालिकाहरुले प्रदेश संचितकोष व्यवस्थापन प्रणाली Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । हाल नगरपालिकाले प्रयोग गरिरहेको सुत्र सफटवेयरमा चालु खर्चको पूजिगत र पूजिगतको चालु तर्फ अभिलेख भएको पाइएकोले विद्युतिय प्रणालीमा राखिएको लेखाले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । खर्च शिर्षक अनुसारको अभिलेख हुनुपर्दछ । | |
| ३. | **अनुमानित आय व्यय** : पाखीवास नगरपालिकाको मिति २०७५।३।१० को नगर कार्यपालिकाको वैठकले आ.व. २०७५।७६ को लागि नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रम र नगर स्तरिय कार्यक्रम समेत सञ्चालनका लागि रु.३३ करोड ८० लाख हजारको अनुमानित आय व्यय पेश गरेको छ । कुल अनुमानित आय मध्ये रु. ४. करोड | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लाख अर्थात ११.८३ प्रतिशत चालु खर्च तर्फ र रु.२९ करोड ८० लाख हजार अर्थात ८०.१७ प्रतिशत पूँजिगत तर्फ विनियोजन गरेको छ । सडक र ढल निर्माण गर्न नगरस्तरीय १७० र वडास्तरीय १२७ गरी जम्मा २९७ वटा योजनाहरुमा रु. १२ करोड ७३ लाख हजार अर्थात कुल पुँजिगत बजेटको ४२.७२ प्रतिशत कार्यक्रमगत बजेट बाँडफाँड गरिएको छ । ठुला भनिएका योजनाहरुमा नै न्यून बजेट विनियोजन गरिनु विगतको दायित्व, समपुरक कोष, तोकिएको भन्दा अन्य योजनामा बजेट विनियोजन गरी पूँजिगत खर्च अधिक देखाउने तर न्यून विनियोजन हुने अवस्था देखिन्छ । चालु खर्चमा कटौती गरी पूँजिगत शिर्षकमा बढी बजेट विनियोजन गरि खर्चगर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| ४. | **चालु प्रकृतिको खर्चमा अधिक विनियोजन** : स्थानीय तहले योजना बनाउँदा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) अनुसारको विषयलाई प्राथमिकता दिनुपर्ने तथा सार्वजनिक कोषको रकम खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्वन्धि निर्देशिका,२०७५ अनुसार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई प्राप्त समानिकरण निशर्त अनुदान तथा आन्तरिक बजेटबाट प्रशासनिक खर्च तथा विकास निर्माण तथा विभिन्न कार्यक्रममा खर्च गरेको छ । यस वर्ष कुल बजेट रु.३३ करोड ८० लाख मध्ये रु. २९ करोड ८० लाख चालु खर्च तर्फ विनियोजन गरेको छ । जुन रकम कुल बजेटको ८८.१७ प्रतिशत रहेको छ । चालु तर्फको प्रशासनिक खर्च अन्तर्गत कार्यालय सञ्चालनमा , सवारी साधन र मेशिनरी औजार मर्मतमा , सञ्चारमा , अनुगमन मुल्यांकन र भ्रमण खर्चमा , भैपरी आउने चालु खर्च गरेको छ । प्रशासनिक खर्चको लागि विनियोजन गर्दा कार्यालयमा हुने काम र सोको आधारमा खरिद गर्नुपर्ने सामाग्रीको सम्वन्धमा कुनै आधार लिएको देखिदैन । विनियोजित बजेटको खर्च शिर्षक अनुसार बजेट विनियोजन गरेको भएपनि पूँजिगत शिर्षकको खर्च समेत चालुबाट गरेकोले खर्चको व्यवस्थित अभिलेखांकन नभएको तथा प्रशासनिक खर्चमा विनियोजित बजेट उत्पादनमुखी रहेको र मितव्ययी तबरले खर्च भएको एकिन गर्न सकिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुसार पूँजी निर्माण हुने, उत्पादनमुखी र रोजगार मुलक खर्च शिर्षकहरुमा रकम विनीयोजन गर्ने र मितिव्ययी तरीकाले खर्च गर्नुपर्दछ | |
| ५. | **सर्शत अनुदान बाकी** : नगरपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट सर्शत अनुदान तर्फ चालु वर्षमा प्राप्त बजेट कार्यक्रम खर्च शीर्षकबाट खर्च लेखेको छ । जसका कारणले नगरपालिकाले तयार गरेको आर्थिक विवरणले यथार्थ शिर्षकगत खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्याकन गर्न सकिने स्थिति देखिएन । प्राप्त भएको विवरणमा कार्यक्रममा खर्च नभई बाँकी रहेको निम्नानुसारका शीर्षकहरुको रकम संघीय सरकारलाई फिर्ता गर्नुपर्ने देखिन्छ । संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरुका लागि प्राप्त बजेट अनुसारको खर्च नभइ बाँकी रहेको थप रकम समेत रहे नरहेको एकिन गरी थप समेत फिर्ता गर्नुपर्ने रु. | ६४१३२१९.५ |

| क्र.सं | विवरण | फिर्ता गर्नु पर्ने रकम |
|---|---|---|
| १ | संघिय शसर्त अनुदान | ६१७३८५० |
| २ | प्रदेश स्थानीयपूर्वाधार कार्यक्रम | २३९३६९.३५ |
| | **जम्मा** | **६४१३२१९.३५** |

माथी प्रदेश स्थानीयपूर्वाधार कार्यक्रमको मिति २०७६/०५/१८ मा प्रदेश संचितकोष फिर्ता गरेको भनिए तापनि दाखिला भएको सक्कल प्रमाणित भौचर पेश हुन आएन ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा नगरपालिकाको सञ्चितकोषमा स्वतः जम्मा (ट्रान्सफर) हुने व्यवस्था छ । आ.व. को अन्तमा पुँजीगत खर्च खाता तथा चालु खर्च खातामा बाँकि रहेको मौज्दात रकम सुन्य गरी संचित कोष खातामा फिर्ता गर्नु पर्नेमा चालु खर्च खातामा रु ६०६०४३५।२९ तथा पुँजीगत खर्च खातामा रु. ६३००४४।७५ सम्बन्धित खाताहरुमा नै मौज्दात देखिएको सो जम्मा हुनु पर्ने रु........... | ६६९०४८०. |
| ७. | **रकमान्तर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यापालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने तथा नगरपालिकाको आर्थिक वर्ष ०७५।७६ को विनियोजन ऐनको दफा ३(३) मा एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा नवढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था भन्दा फरक निम्नानुसारका शिर्षकहरुमा रकमान्तर गरी खर्च लेखेको अनियमित देखिएको रु. | २५०००००. |

| क.स. | कार्यक्रम | सुरु बजेट | थप बजेट |
|---|---|---|---|
| | **कार्यालय सामाग्री** | ४०००००० | १२००००० |
| १. | पदाधिकारी अन्य सुविधा | ३५००००० | १३००००० |





| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | जम्मा | ७५०००००. | २५०००००. |
|---|---|---|---|---|

८. **बजेट थप** : शुरु बजेट विनियोजन नभएको निम्नानुसारको कार्यक्रममा बजेट थप गरि नगरसभाबाट अनुमोदन गरको देखिन्छ । नगरपालिकाले सुरु विनियोजन गर्दा नै आयोजना र कार्यक्रम स्पस्ट नगरी पछि वजेट थप गरी खर्च गर्ने परिपाटी ठीक होइन ।

| क.स. | कार्यक्रम | सुरु बजेट | थप बजेट |
|---|---|---|---|
| १. | भवन तथा भ्यु टावर | ०.०० | ४४८०००० |
| २. | पठक खोला हुदै पौडेल टोल खाली तार सडक | ०.०० | १५००००० |
| ३. | उत्तरपानी अमौरा ग्रा.स. | ०.०० | १०००००० |
| ४. | जल देवि सिमसार व्यवस्थापन | ०.०० | ९००००० |
| ५. | लक्ष्मी खोला धमला टोल | ०.०० | ५००००० |
| ६. | डाँडाघर माधेवारी सडक स्तरोन्नती | ०.०० | ८००००० |
| ७. | चिसापानी फलाटे सडक | ०.०० | ८००००० |
| ८. | वडा कार्यलयका लागि कम्प्युटर खरीद | ०.०० | ७००००० |
| ९. | कृषि क्याम्पस व्यवस्थापन | ०.०० | २४००००० |
| १० | चालु खर्चमा नपुग थप | ०.०० | ६१२९२५० |
| ११. | चालु भैपरीमा थप | ०.०० | १४७८५४ |
| | **जम्मा** | **०.००** | **१९३५७१०४** |

९. **सेवा प्रवाह** : नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश, नाता प्रमाणित,घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई,विद्युत मिटर सिफारिश, निशुल्क शिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । नगरपालिकाबाट प्रवाहित सेवाहरुको निम्नानुसार रहेको छ ।

| सेवा प्रवाहको विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|
| नागरिकता सिफारिस | ६६६ | ६६६ |
| घरबाटो सिफारिस | ५०१ | ५०१ |
| नाता प्रमाणित | २५१ | २५१ |
| जन्म मृत्यु दर्ता | ११५० | ११५० |
| अन्य | १३६६ | १३६६ |

१०. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न विषयमा प्रयाप्त ध्यान दिएको देखिएन । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन, कार्य सञ्चालन तथा कार्य प्रवाह तालिका स्वीकृत गरेको देखिएन,

- परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,
- नगरपालिकाको गुरुयोजना निर्माण तथा अद्यावधिक नभएको,
- आयोजनाको नियमित अनुगमन गरेको, अनुगमन प्रतिवेदन तयार गरेको तथा सोको कार्यान्वयन गरेको छैन,
- योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,
- योजनागत कन्टिन्जेन्सी खर्चको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,
- फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,
- जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,
- अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको,

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • राजश्वको लगत तयार नगरेको,<br>• वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको,<br>• प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको,<br>• वितरणमूखी कार्यक्रमलाई वढवा दिएको,<br>• पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको,<br>• स-साना योजनालाई प्राथमिकतामा राखेको,<br>• उपभोक्ताको योगदान न्यून रुपले जुटाएको,<br>• धरौटीको आयूगत वर्गीकरण नगरेको,<br>• कर तथा शुल्क निर्धारणको ठोस आधार निर्माण नगरेको,<br>• संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,<br>• प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी दोश्रो र तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको,<br>• कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,<br>• राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको,<br>• आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,<br>• एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको ।<br>नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ११. | **खर्च गर्ने अख्तियारी र कार्यविधि** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिका प्रमुखले प्रशासकिय अधिकृतलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिएको देखिएन । | |
| १२. | **खरिद योजना** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले १ वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा र नियम ८ वमोजिम बार्षिक १० लाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद गुरु योजना र खरिद योजना बनाउनु पर्ने व्यबस्था छ । नगरपालिकाले विभिन्न ठेक्काबाट ३ करोड ९७ लाख ७५ हजारको र ६ करोड ५१ लाख ५१ हजारको कार्य विभिन्न उपभोक्ता समितिमार्फत गरेको छ । नियमावलीको व्यवस्था अनुसार खरिद गुरु योजना र सो को आधारमा खरिद योजना बनाउने गरेको देखिएन । खरिद योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । खरिद नियमाबली अनुसार खरिद योजना बनाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | |
| १३. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पूँजिगत खर्च तर्फ प्रथम चौमासिकमा ७ करोड ५ लाख ४८ हजार (१९ प्रतिशत), दोश्रो चौमासिकमा ९ करोड ७६ लाख १६ हजार (२६.२८ प्रतिशत) र तेश्रो चौमासिकमा २० करोड ३२ लाख १४ हजार (५४.७२ प्रतिशत) र असारमा १२ करोड १३ लाख ६७ हजार (३२.६८ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभावमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सन्चालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । चालु प्रकृतिका खर्च सेवा प्रवाहको क्रममा हुनेहुँदा आर्थिक वर्षको अन्तिम महिनामा अस्वभाभिक खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ । | - |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | **लक्ष्य/प्रगति स्थिति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । यसरी तयार गर्नु पर्ने विवरणहरु तयार नगरेबाट नगरपालिकाले सम्पादन गरेका भौतिक निर्माणका कार्यहरु स्वीकृत बार्षिक लक्ष्यअनुसार पुरा भए नभएको सम्बन्धमा बिश्लेषण गर्न सकिएन । | |
| १५. | **जनशक्ति व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा गाउँपालिका वा नगरपालिकालाई विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाकाले हालसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरेको स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिने कर्मचारीको दरबन्दीको विवरण तयार गरेको छैन । | |
| १५.१. | **करारमा अधिक कर्मचारी** : नगरपालिकाले हालसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन । स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिने कर्मचारीको दरबन्दीको विवरण तयार वेगरै दरबन्दी बाहेक समायोजन भई यस नगरपालिकामा हाजिर भएका ५१ निजामती कर्मचारी जि.स.स. र अन्य सेवाबाट ७ कर्मचारी रहेको अवस्थामा समेत दरबन्दी बाहेकका १६ कर्मचारी नियुक्ति गरेको छ । व्यवस्थापन सर्वेक्षण गरी एकिन दरबन्दी अनुसार कार्य गर्नुपर्दछ । | |
| १६. | **बरबुझारथ:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५ मा नगद, जिन्सी, मालसामान, विनियोजित रकम, राजश्व, धरौटी, बेरुजू, अन्य रकमको लगत स्रेस्ता तथा सरकारी कागजात र आफ्नो जिम्मामा भएको वा रहेको काम आदिको जिम्मा लिने कर्मचारी साधारणतया सरुवा, बढुवा, अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा निजको बरबुझारथ गर्नुपर्ने कर्तव्य हुनेछ । म्याद भित्र बरबुझारथ नगरेमा नजिक कार्यालयको प्रतिनिधिको रोहबरमा निजको जिम्मामा रहेको नगद जिन्सीको लगत तयार गरी कार्यालय प्रमुखले बरबुझारथ गराउनुपर्नेछ र नियम ५६ मा अनुसूची ९ वमोजिमको ढाँचामा बरबुझारथको प्रमाणपत्र नभई हालको कार्यालयमा हाजिर हुन नदिने भन्ने व्यवस्था छ । यस नगरपालिकामा एकै वर्षमा ३ कार्यालय प्रमुख र ४ जना लेखाका कर्मचारीले काम गरेको अवस्था देखिन्छ । तर उपर्युक्त वमोजिमको ढाँचामा प्रमुखलाई बरबुझारथ गरको देखिएन । अत सम्बन्धितलाई जिम्मेवार बनाई नियमानुसार बरबुझारथ गर्न लगाई व्यवस्थित अभिलेख राख्नुपर्दछ । | |
| १७. | **जिन्सी लगत:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विगत वर्ष देखिको जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी लिएको देखिएन । जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी जिन्सीको अद्यावधिक विवरण तयार गरि गर्नुपर्दछ । | |
| १७.१ | **जिन्सीको व्यक्तिगत अभिलेख खाता** : सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७५ को दफा १८ अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलब्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाको जिन्सी खाताको अभिलेख परिक्षण गर्दा अनुसूची १ अनुसारको अभिलेख तयार पारी कार्यालय प्रमुखबाट प्रमाणित गराई राखेको पाइएन । निर्देशिका बमोजिमको अभिलेख तयार नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १७.२ | **सम्पति हस्तान्तरण र जिन्सि व्यावस्थापन** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालय तथा गा.वि.स. हरुको चल सम्पति, दायित्व तथा अभिलेख नया कायम भएका नगरपालिकामा स्वत हस्तानतरण हुने व्यावस्था छ । यसरी हस्तानतरण हुने समपुर्ण सम्पतिको अभिलेख तथा जिन्सि लगत खाता | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २०७५ असार मसान्त भित्रमा स्थानीयतहले तयार गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यावस्था गरेकोमा नगरपालिकाले जिन्सी लगत तयार नगरेको कम्प्युटर,प्रिन्टर, ल्यावटप, मोवाईल फोन सेट, फर्निचर जस्ता मूल्यवान समानहरुको लगत लिई आम्दानीवाँधेको पाइएन । आ.व.२०७५/०७६ बाट पाखिवास नगरपालिकाले जिन्सीको सफ्टवेयर संचालनमाल्याई जिन्सीमा अभिलेख गरेको पाइयो । | |
| १८. | **नापी किताब** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ। नगरपलिकाले अधिकांश ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| १९. | **निर्माण कार्यसँग सम्वन्धित खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षको कार्यालयबाट स्वीकृत ढांचामा राख्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यसंग सम्वन्धित कार्यको राख्नुपर्ने म.ले.प.फा.नं १६६ कार्य अभिलेख खाता १६७ आइटमवाइज खाता, म.ले.प.फा.नं १७२ नापी नियन्त्रण खाता, १९० ठेक्का सम्वन्धि अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । अधिकांश योजनाहरु क्रमागत रुपमा संचालित हुने एवं वार्षिक विनियोजनको आधारमा खण्ड खण्ड गरी कार्यान्वयन गर्नुपर्ने अवस्था रहने भएकोले यस प्रकारका खाता अद्यावधिक गरी राख्नु पर्दछ । यस प्रकारका अभिलेखको अभावमा क्रमागत योजनाको कुल खर्च एवं योजना कार्यान्वयनको स्थिति यकिन गर्न नसकिने भएकोले कार्यालयले निर्माण कार्यसंग सम्वन्धित म.ले.प.फारामहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ। | |
| २०. | **कार्यक्रमगत खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२)(३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत यकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| २१. | **एजविल्ट नक्सा पेश नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ। | |
| २२. | **निमार्ण सामाग्रीको गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११(१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्का द्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावि नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ । | - |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **बिमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपिया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार, लगायत कामदार तथा कर्मचारी समेतको वीमा गराउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाको कार्यालयले जतिसुकै मूल्य बराबरको ठेक्का पट्टा लगायतको निर्माण कार्य र तेश्रो पक्ष समेतको वीमा गराउने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम भविश्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । तसर्थ निर्माण कार्यमा आईपर्ने सम्भावित जोखिमलाई न्यूनिकरण गरी समयमा कार्य सम्पन्न गर्नको लागि नियममा भएको व्यवस्था अनुसारको बीमा गराउने तर्फ ध्यान जान जरुरी देखिन्छ । | |
| २४. | **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । कार्यालयले यस वर्ष रु ३६ लाख ४७ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । सो खर्च मध्ये पूजिगत तर्फ ५१४९००। र चालु खर्चमा ३०३५०१४। (खर्च शिर्षक नखुलाइ अन्य भनी १८११५००। समेत) गरेको देखिन्छ । अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनु पर्दछ । यस बर्ष खर्च शिर्षक नखुलाइ अन्य भनी १८११५००। भनी कन्टिन्जेन्सी खर्च गरेको सम्बन्धमा स्पष्ट नभएको रु.. | १८११५०० |
| २५. | **परामर्श सेवा खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा लिंदा ऐन दफा ६ (क) वमोजिमको मौजुदा सूचीमा रहेका परामर्शदाता प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने अवस्था छ । त्यस्तै नियमावली ९ मा लागत अनुमान तयार गर्दा भने खरिद सम्बन्धि सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नुपर्ने, खरिदको अन्य विकल्प भए त्यस्तो विकल्प, काम सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम तथा समय समेतको विचार गर्नुपर्ने भनी उल्लेख भएको छ । छनौट विधि अवलम्बन गरेतापनि उपयुक्त अनुसारको प्रक्रिया पूरा नगरी कार्यालयले यसवर्ष डी.पि.आर. आइ. ई. ई., सम्भाव्यता अध्ययन तथा सुपरभिजन कार्य गराइ रु.७५९७१९३।- को लागत तयार गरी मौजुदा सूचीको माध्यामबाट १३ वटा परामर्शदाताबाट कार्य गराई ६५०६५८१।- खर्च भूक्तानी गरको पाइयो । | |
| २५.१. | यसरी परामर्शदाता नियुक्त गर्दा आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको छैन । तालुक मन्त्रालयवाट नर्म्स स्वीकृत भएको पाइएन । परामर्शदाताबाट सम्पादन भएका कार्यहरु कार्यालयमै रहेको बिद्यमान जनशक्तिबाट सम्पादन हुन सक्ने अवस्था थियो थिएन एकिन गरिएको छैन । कार्यालयको जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ । यसरी कार्यायलको बिद्यमान जनशक्तिबाट नगराइ परामर्शदाता नियुक्त गरी कार्य गराएबाट योजनाको लागतमा बृद्धि हुन जानुको साथै परामर्श खर्चको औचित्य पुष्टि हुने देखिदैन । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा कार्यालयले योजनाको लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नु पर्दछ । कार्यालयमा प्राविधिक जनशक्ति रहेको अवस्थामा समेत नगरपालिकाको भवन निर्माण तथा राम्चे भ्यूटावर निर्माण स्थलको लागि पूर्वान्चल ईन्जिनियरीङ्ग कन्सल्टेन्सीलाइ परामर्श दाता नियूक्ति गरी यस बर्ष रु.४४९४५७- भूक्तानी गरेको औचित्य पूर्ण नदेखिएको रु............ | ४४९४५७ |
| २६. | **तथ्याङ्क व्यवस्थापन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने नगरेको, काम कर्तव्य र अधिकार तोकिएको छ । सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क बिश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने गरेको नदेखिएकोले खर्चको प्रभावकारीता एकिन गर्न आवश्यक व्यवस्था हुनु पर्दछ । | |
| २७. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख अद्यावधिक गरेको देखिएन । ऐन अनुसार अभिलेख राख्नुपर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८. | **स्थानीय तथ्यांक र अभिलेख:** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २९. | **लक्षित समूह खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पुजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालिकाले यस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| ३०. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकाले प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष रु ६०. लाख उठाउने लक्ष्य राखीएकोमा रु.५६ लाख ६२ हजार (९४.३६ प्रतिशत) लक्ष्य भन्दा घटी संकलन गरेको छ । नगरपालिकाले राखेको राजस्व लक्ष्य नै न्यून देखिन्छ । राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी नगरपालिकाको आम्दानी बृद्धि गर्ने तर्फ आवश्यक पहल गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । | |
| ३१. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरंपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरंपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकाक्षेत्र अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३२. | **कार्यालय सामान खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने । दफा ८(२) मा यस ऐन र र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुनमा वार्षिक रु.४६२४९९९।- को कार्यालय सामान खरिद गरेको छ । सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिन्छ । | |
| | **उपभोक्ता समितिबाट कार्य** | |
| ३३. | उपभोक्ता समिति मार्फत कार्य गराउन यस बर्ष रु.७५८१३९००। को लागत तयार भै नगरपालिकाले ६५१५०७९०। उपभोक्ता समितिलाइ भूक्तानी गरेको र १००३१२०७। बराबरको श्रमदान गरेको विवरण प्राप्त भएको छ । समिति मार्फत कार्य गराउँदा समितिको आम्दानी खर्चको विवरण, निर्माण सामाग्री र औजार खरिद प्राप्त आदिको विवरण, आयोजना स्थलमा टाँस गर्नुपर्ने सवैले देख्ने सूचनापाटी, आयोजनाको प्रगति स्थिति, खर्च सार्वजनिक सूचना फारम, उपभोक्ता समितिको भौतिक वित्तिय प्रगति प्रतिवेदन फारम, सार्वजनिक परीक्षण र प्राप्त सुझावहरु, जनसहभागिताको पूर्ण विवरण, योजना निर्माणमा संलग्न कामदारहरुको सम्पूर्ण विवरण (डोर हाजिरी फारम), उपभोक्ता समितिले स्थानीय तहमा पेश गर्नुपर्ने प्रगति विवरण जस्ता विवरणहरु सम्झौता गर्ने सबै उपभोक्ताहरुले भरी पेश गर्ने नगरेको देखिन्छ । साना तिना कार्यको सम्झौतामा यस्ता विवरण नभएतापनि ५ लाख भन्दा बढीको कार्य प्राप्त गर्ने उपभोक्ताहरुले उपर्युक्त विवरणहरु तयार गरी राख्ने वा पेश गर्ने गर्नुपर्दछ । | |
| ३३.१. | **उपभोक्ता समिति दर्ता:** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संभौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थायी समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सुधार हुनुपर्दछ । | |
| ३३.२. | **समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायलको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था भएतापनि अधिकांश उपभोक्ता समितिले निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्री अभिलेख नगरी प्राविधिक मूल्यांकन नापी किताव समुदायको बैठकको माइन्यूटसम्म राखी भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत गरिएको निर्माण कार्यमा के कति निर्माण सामाग्री लाग्ने हो सो को विवरण समेतको लागत अनुमान तयार गरी आवश्यक निर्माण सामाग्री खरिद गर्नुपर्नेमा लागत इष्टिमेटमा उल्लेख गरेको कामको परिमाणसंग मेल नखाने गरी घटी बढी हुने गरी सामान खरिद गरेको विल संलग्न गरेकोले इष्टिमेट बमोजिम कार्य भएको भन्ने सक्ने अवस्था देखिएन । पेश गरेको निर्माण सामाग्री खरिद विलबाट निर्माण कार्यको लागि पर्याप्त भए नभएको प्राविधिकबाट पुष्ट्याइ सहितको नापी किताव , कार्य सम्पन्न प्रतिवेदन र मूल्यांकन समेत हुनु पर्दछ । | |
| ३३.३. | उप नियम (३) अनुसार उपभोक्ता समूहबाट लाभग्राही समुदायले गर्ने काम वा सेवाका सम्वन्धमा खरिद सम्झौता गर्नुपर्ने र त्यस्तो सम्झौतामा उपभोक्ता समूहले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि, कामको गुणस्तर नियन्त्रण गर्ने, सम्पन्न निर्माण कायको मर्मत सम्भार, सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका अन्य आवश्यक कुराहरु सम्झौतामा स्पष्ट रुपमा खुलाउनु पर्नेमा अधिकांश सम्झौतामा यी सबै कुराहरु खुलाउने गरेको पाइएन । | |
| ३३.४. | उपनियम(७)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफ्नो प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने भएता पनि सबै उपभोक्ता समितिले सो अनुसारको प्रक्रिया पुरा गरको देखिएन । | |
| ३३.५. | **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट बढी भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने हुदा हस्तान्तरण हुनु पर्ने देखिन्छ । | |
| ३४. | **भैपरी शिर्षकवाट खर्च-** नगरपालिकाको २०७५-३-१० मा नगरसभा पेश भएको २०७५-७६ को आय व्ययमा पूँजिगत भैपरी खर्चको लागि रु.२३ लाख वजेट व्यवस्था भएको देखिन्छ । २०७५/११/३ मा तेस्रो नगर सभावाट स्वीकृत नगर विकास योजनामा गतवर्षको अल्या ३५३५३२५३।- मध्ये चालु भैपरीमा ७२०६३०४। र पुँजिगत भैपरीमा २००००००० खर्च गर्ने उल्लेख छ । सुत्रमा अभिलेख भएको उक्त हिसाव नम्वरको खर्च हिसाब परीक्षण गर्दा पुँजिगत तर्फ १०२ वटा भौचर संख्यावाट १५४६७८०६।- र चालु तर्फ १२३ वटा भौचर संख्यावाट ७२०५४८०।- समेत जम्मा रु २२६७३२८५।- खर्च भएको देखिन्छ । सुरु विनियोजन गर्दा नै खर्च शिर्षक खुल्ने गरी कार्यक्रम तय गरेर वजेट व्यवस्था गरीनु पर्नेमा पछि भैपरीमा वजेट व्यवस्था गरि रु.२०३७३२८५।- खर्च भएकोले यसरी खर्च गर्ने परिपाटीको अन्त्य हुनु पर्ने देखिन्छ । | |
| ३५. | **३५-२०७५/८/२६** नगर कार्य समितिको २०७५/९/२५ को निर्णयअनुसार प्रत्येक वडाको भैपरी शिर्षकवाट ५०००। कट्टा गरी मृगौला पिडित यम कुमारी खापुङ्लाई ५००००। दिने निर्णय गरी पुँजिगत भैपरीवाट सो खर्च लेखेकोले चालुवाट लेख्नु पर्नेमा पुँजिगतवाट खर्च लेखेको देखियो । | |
| ३६. | **पेश्की कारोबार:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८४ मा यस नियमावली वमोजिम पेश्की फछ्र्योट भयो वा भएन भन्ने कुराको जाकारी दिन र समयमा पेश्की फछ्र्यौट गराउन पेश्कीको सूची तयार गरी आर्थिक प्रशासन शाखा प्रमुखलाई कार्यालय प्रमुख समक्ष महिना भुक्तान भएको ७ दिन भित्र पेश गर्नुपर्दछ । कार्यालय प्रमुख आर्थिक प्रशासन शाखा प्रमुखले सो को समिक्षा गरी फछ्र्यौटको कार्य गर्नुपर्दछ भन्ने व्यवस्था छ । यस नगरपालिकाले पेश्की मार्फत गरको कारोबारको बैंक नगदी किताब व्यक्तिगत पेश्की बाँकी विवरण अनुसारको विवरण नमिलेको र पेश्कीको सूची तयार गरी आर्थिक प्रशासन शाखा प्रमुख र कार्यालय प्रमुखले समिक्षा गरेको देखिएन । | |
| | **संघिय सरकार वाट हस्तान्तरित कार्यक्रम - (शिर्षक ८०१०६४०२५०१)** | |
| ३७. | २०७५/१२/४ छिपिधारा सिरान चौतारा माडमाय खोला ग्रामिण उ.स. ले ग्रामिण सडक निर्माण कार्य पाखीवास कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. वाट गरी निजाई १३१४४८६।५१ भुक्तानी गर्दा मेसिनवाट कडा माटो काट्ने १०३८९।५७ घ.मि. दर १०९।६१ ले ढुङ्गा काटने कार्य ७१.१०घ.मी. दर ३३९।- ले रु ११६३२६२।४० मा १३ प्रतिशत | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मु.अ. कर १५१२२४।११ समेत जोडी भुक्तानी भएको छ । माथी उल्लेखित दरमा रेट एनालिस गर्दा नै मु.अ.कर जोडी सकेकोले दाहोरो मु.अ.कर भक्तानी भएकोले पुन थप दिन नमिल्ने हुँदा सो असुल हुनुपर्ने रु. | १५१२२४.११ |
| ३८. | **८१-२०७५/१२/४** न्यौपाने डाडा पानीसिर टोकले वस्नेत टोल ग्रा.सडक उ.स. ले सडक मर्मत कार्य पाखीवास कं. एण्ड सप्लायर्सवाट कडा माटो काट्ने कार्य,कडा चट्टान काट्ने कार्य को दरमा नै मु.अ.कर जोडेर दर कायम भएकोले विल भुक्तानी गर्दा ३७१५७४।- विलम पुन १३ प्रतिशत मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले दोहोरो मु.अ.कर भुक्तानी दिन नमिल्ने हुँदा सो असुल हुनुपर्ने रु. | ४६१७५.७६ |
| ३९. | **२८३-२०७६/३/३१** नगरपालिकाको भवन निर्माणको ठेकेदारलाई चौथो रनिङ्ग बिल वापतको ८४०८३२९।२७ भुक्तानी गर्दा अग्रिमकर १.५ प्रतिशत १११६१५। कट्टी हुनु पर्नेमा १०५६७३।३० मात्र कट्टी गरेकोले घटी कट्टी गरेको ५९४१।६९ कट्टी हुनु पर्ने रु . | ५९४१.६९ |
| ४०. | **२८७-३/३१** वडा ८ का अध्यक्ष सीताराम राईले २०७५/९/२ देखी ८ सम्म पदाधीकारी अवलोकन भ्रमणमा लिइएको ५०००००।- पेश्की फछ्र्यौट गरेकोमा सवारी चालक देवेन्द्र आचार्यसँग भएको सम्झौता अनुसार दैनिक २२०००।- ले ७ दिनको गाडी भाडा १५४०००।- मा १० प्रतिशत भाडाकर कट्टी गरी १३८६००।- मात्र भुक्तानी हुनु पर्नेमा १४००००।- भुक्तानी गरेको र सम्झौता अनुसारको कर १५४००।- दाखिला नदेखिएकोले दाखिला हुनु पर्ने रु...... | १५४०० |
| ४१. | **१७५-२०७६/३/६** नगर सभाको निर्णयले मेयरकप फुटवल प्रतियोगिता संचालन गर्न ३०००००।- वजेट विनियोजन गरेकोमा वजेट कम भएको भनि २०७५/१०/१० को कार्यपालिकाको निर्णय अनुसार पूँजिगत भैपरीमा रहको वजेटवाट ८५६६००।- थप गरी ११५५६००।- मा सो कार्य गर्न कार्यपालिका सदस्य लाक्पा तेन्जिङ शेर्पाले ३ पटक पेश्की लिई खर्च गरी विल पेश गर्दा २०७५/१०/१६ देखि १०/२५ सम्म संचालित प्रतियोगितामा मन्च व्यानर र व्यवस्थापनमा ६१२००।- खेलाडीलाइ पुरस्कार १७८००००।- विभिन्न खाना नास्तामा २८३५५५।- स्वयमसेवक पकेट खर्च २३१००।- रेफ्रीलाई पारिश्रमिक ६५१००।- ट्रफि,मेडल फ्रेममा ३८२३०।- समेत विभिन्न शिर्षकमा ८४६२२६।- खर्च गरेको र वडा स्तरिय खेलाडी छनौट तयार तथा खेल मैदान व्यवस्थापन गर्न ३०००००।- वडामा नै खर्च गर्नै गरी पठाएको छ । नगर पालिकाले आफ्नो क्षेत्र भित्रका भौतिक विकास निर्माण मर्मतमा ३ लाख देखि ५ लाख सम्मका योजनामा खर्च गर्न गरेको देखिन्छ भने एउटा फुटवल प्रतियोगिता संचालन गर्न भने ११५६६००।- खर्च गरेको सान्दर्भिक देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ । | |
| | **समपुरक तर्फको खर्च-** | |
| ४२. | नगरपालिका भवन निर्माणका निर्माण व्यवसायी कुन्सालिड/सारासृष्टि जे.भि. लाई तेस्रो विल वापतको विजक ३ मिति २०७६/१/९ वाट ३३३३४९४।२४ को प्राप्त भएकोमा बिद्युतिय लेखामा (SUTRA) गोश्वार भौचर तथा वैंक नगदी किताबमा अभिलेख नगरी धरौटी कट्टी १४७५०।- कर कट्टी ४४२५०।- नि.व्य.कोष कट्टी २९५०।- र पेश्की कट्टी ५९००००। उल्लेख गरी चेक नम्वर २१३७३१५७ वाट २५४८७९४।- बैंक खर्च लेखेको छ । खर्च अभिलेख नगरी वजेट खर्च जनाएको देखिएकोले प्राप्त आय व्यय विवरण यथार्थ नभएकोले यस सम्बन्धमा एकिन हुनु पर्ने रु. | ३३३३४९४ |
| ४३. | कुन्सालिड/सारासृष्टि जे.भि. सँग नगरपालिका भवन निर्माण गर्न ४५०२८५१७- ठेक रकम वाट २०७८/४/३० मा कार्य सक्न २०७५/३/२५ मा सम्झौता भएकोमा ३ वटा रनिङ विलवाट २०९९१३८६।५४ भुक्तानी भएको देखिन्छ । तर तेस्रो विल रकमको ३३३३४९४।- भुक्तानी उक्त ठेक्काको जम्मा भूक्तानीमा अभिलेख गरेको छैन । ठेकेदारलाई चौथो विलवाट सम्झौताको BOQ मा नै समावेश गरी निम्न सामाग्री खरिदको भुक्तानी गरेकोमा मिति २०७६/७/२९ गते भवन निर्माणको स्थलगत निरीक्षण गर्दा फिनिसिङ्ग कार्य नै वाकी रहेको देखिन्छ । भवन निर्माण कार्य सम्पुर्ण रुपमा समपन्न भए पछि मात्र खरीद हुनु पर्ने यी सामान पहिले नै खरीद गरेको भनी भुक्तानी भएको छ । उक्त सामान जिन्सी दाखिला भएको पनि देखिएन । अत उक्त सामान कहा के कस्तो अवस्थामा रहेको एकिन नभएकोले अभिलेख हुनु पर्ने रु. | १५५९००० |

| सामान | परिमाण | रकम | कैफियत |
|---|---|---|---|
| रिभल्भीङ्ग चियर्स | १५ | १५०००० | जम्मा भुक्तानी मु.अ.कर समेतको हो । |
| अफिस टेवुल प्लाइउड भएका | १५ | २२५००० | |
| एक्जुकेटीभ चियर्स तथा टेवुल | ५ | १५०००० | |
| साधारण स्टील चियर्स | १०० | ४००००० | |
| सोफा सेट | ८ | २४०००० | |
| स्टील दराज | १५ | १८०००० | |
| तलिम हलको लागि टेवुल | ७ | ४९००० | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| काठको कुर्सी फेयबेस | ३० | १६५००० | |
| **जम्मा** | | **१५५९०००** | |

